केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन नं. : ०१-५७१९६४१/४२/४३/४४
Website : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/०३/०८३/८४

मिति : २०८३/०६/२७

**इजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरु,**

महाशय,

हालै भोटेकोशी तथा बुढीगण्डकी नदीमा आएको बाढीबाट परेको असरका सम्बन्धमा विस्तृत विश्लेषण तथा अध्ययन हुँदै गरेको अवस्थालाई मध्यनजर गरी यस बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८२ को निर्देशन नं. २/०८२ को बुँदा नं. ९. थप गरी देहायबमोजिमको व्यवस्था संशोधन गरिएको हुँदा सोहीबमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ :

*९. भोटेकोशी तथा बुढीगण्डकीको बाढीग्रस्त क्षेत्रमा प्रत्यक्ष असर परेका ऋणीको वित्तीय अवस्थाको विश्लेषण गरी किस्ता भुक्तानी गर्न कठिनाई भएका ऋणीको २०८३ असोज मसान्तमा किस्ता (साँवा र/वा ब्याज) भुक्तानी गर्ने समयावधि लघुवित्त वित्तीय संस्थाले २०८३ पुस मसान्तसम्म थप गर्न सक्नेछन् ।*

**भवदीय,**

२०८३/०६/२६

(रामु पौडेल)
कार्यकारी निर्देशक